नेपाल दूरसञ्चार प्राधिकरण

जमल, काठमाडौं

# विद्युतीय अन्य अतिरक्त सेवा (Digital Value Added Services (DVAS)) संचालन गर्ने सम्बन्धी कार्यविधि, २०७९

## को मस्यौदा

**माघ, २०७९**

# विद्युतीय अन्य अतिरिक्त सेवा (Digital Value Added Services (DVAS)) संचालन गर्ने सम्बन्धी कार्यविधि, २०७९

**प्रस्तावनाः** दूरसञ्चार सेवाका विद्यमान अन्य अतिरिक्त सेवाहरु बाहेकमा अन्य अतिरिक्त सेवाहरु प्रविधिको विकासले थप विकास हुँदै आएका र उक्त सेवाहरुलाई प्रभावकारी रुपमा व्यवस्थित तथा नियमन गरी प्रतिष्पर्धात्मक वातावरण तयार गरी उचित मूल्यमा भरपर्दो र स्तरीय सेवा प्रवाह हुने उद्देश्य राखी यो कार्यविधि तयार गरी लागू गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम "विद्युतीय अन्य अतिरक्त सेवा (Digital Value Added Services (DVAS)) संचालन गर्ने सम्बन्धी कार्यविधि, २०७९" रहेको छ ।

(ख) यो कार्यविधि नेपाल दूरसञ्चार प्राधिकरणबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "ऐन" भन्नाले दूरसञ्चार ऐन, २०५३ सम्झनुपर्छ ।

(ख) "नियमावली" भन्नाले दूरसञ्चार नियमावली, २०५४ सम्झनुपर्छ ।

(ग) "विद्युतीय अन्य अतिरिक्त सेवा (Digital Value-Added Services (DVAS))" भन्नाले दूरसञ्चार सेवा (जस्तै PSTN, Mobile, Internet) प्रयोग गरि प्रदान गरिने दूरसञ्चारका मुख्य सेवाहरु (Voice, SMS, Data Pack, MMS) बाहेकका अन्य जुन सुकै प्रकारका सेवाहरु सम्झनुपर्छ ।

(घ) "प्राधिकरण" भन्नाले दूरसञ्चार ऐन, २०५३ बमोजिम गठित नेपाल दूरसञ्चार प्राधिकरण सम्झनुपर्छ ।

(ङ) "ग्राहक" भन्नाले विद्युतीय अन्य अतिरिक्त सेवा प्रयोग गर्ने व्यक्ति सम्झनुपर्छ ।

**३. DVAS सेवा संचालन सम्बन्धी व्यवस्थाः**

दूरसञ्चार सेवा प्रदायकहरु मार्फत प्रदान गरिने मुख्य सेवा बाहेकका विद्युतीय अन्य अतिरिक्त सेवाहरु DVAS सेवा प्रदायक मार्फत संचालन गर्नको लागि उक्त DVAS सेवा संचालन गर्न चाहने व्यक्ति प्राधिकरणमा सुचिकृत हुनु पर्नेछ ।

३.१. **<u>सुचिकृतको लागि निवेदन दिनु पर्ने :</u>** DVAS सेवा संचालनको लागि DVAS सेवा संचालन गर्न चाहने व्यक्तिले नियम अनुसार आफूले संचालन गर्न चाहेको सेवा सम्बन्धी कार्य संचालन योजना संलग्न गरी प्राधिकरण समक्ष निवेदन दिनु पर्नेछ | DVAS सेवा संचालनको लागि DVAS सेवा संचालन गर्न चाहने व्यक्तिले जुनसुकै समयमा प्राधिकरण समक्ष निवेदन दिन सक्नेछन् | निवेदनका साथ निम्न बमोजिमका कागजातहरु संलग्न गर्नु पर्नेछ :

(क) कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि

(ख) VAT प्रमाणपत्रको प्रतिलिपि

(ग) DVAS सेवा संचालन गर्ने कार्य योजना

(घ) दूरसंचार सेवा प्रदायकसँग भएको समझदारी पत्रको प्रतिलिपि

३.२ **<u>कार्य संचालन योजनामा खुलाउनु पर्ने कुराहरु :</u>** दफा ३ को उपदफा (३.१) को व्यवस्था बमोजिम संलग्न गर्नु पर्ने कार्य संचालन योजनामा निवेदकले अन्य कुराहरुको अतिरिक्त देहायका कुराहरु अनिवार्य रुपमा खुलाएको हुनु पर्नेछ :-

(क) DVAS सेवाको संचालन विधि,

(ख) DVAS सेवा संचालनको लागी चाहिने पूर्वाधार र त्यसको गुणस्तर तथा क्षमता |

३.३ **<u>DVAS सेवा संचालनको लागि सहमति (No Objection) :</u>** दफा ३ को उपदफा (३.१) बमोजिंम कुनै निवेदन परेमा प्राधिकरणबाट सो निवेदन र निवेदन साथ संलग्न कागजातहरु जाँचबुझ गरिनेछ र त्यसरी जाँचबुझ गर्दा DVAS सेवा संचालन गर्न योग्य देखिएमा DVAS सेवा संचालनको लागि सहमति दिइनेछ |

३.४ **<u>DVAS सेवा संचालनको लागि आवश्यक नम्बर एबं महशुल दर स्वीकृत सम्बन्धमा :</u>**

(क) DVAS सेवा संचालन गर्न चाहने व्यक्तिले प्राधिकरणमा सुचिकृत गराए पश्चात् सेवा संचालनको लागि सेवा शुल्क एबं आवश्यक पर्ने भएमा नम्बर स्वीकृतिको लागि सम्बन्धित सेवा प्रदायक मार्फत सेवाको बिस्तृत विवरणहरु (सेवाको विवरण, सेवा शुल्क तथा सेवाको अवधि खुल्ने कागजात) सहित प्राधिकरण समक्ष निवेदन दिनु पर्नेछ |

(ख) निवेदन प्राप्त भए पश्चात् प्राधिकरणले उक्त सेवाको लागि आवश्यक नम्बर उपलब्ध गराउने छ र सेवा शुल्क स्वीकृत गर्ने छ ।

(ग) उपरोक्त बमोजिमको स्वीकृति पश्चात् मात्र DVAS सेवा संचालकले उक्त सेवा संचालन गर्न सक्नेछ ।

**४. अवधि तथा नवीकरण सम्बन्धी व्यवस्था :**

१. दफा ३ को उपदफा (३.३) बमोजिम दिईने सेवा संचालन सहमतिको अवधि २ वर्षको हुनेछ ।

२. सहमतिको नवीकरण गर्न चाहेमा अवधि समाप्त हुनु भन्दा ३ महिना अगावै प्राधिकरण समक्ष निवेदन दिनुपर्नेछ र उक्त निवेदन उपर प्राधिकरणले नवीकरण गर्न सक्नेछ । नवीकरणको समयावधि २ बर्ष सम्मको हुनेछ ।

३. तोकिएको समयमा नवीकरण नगरेमा DVAS सेवा संचालनको लागि दिईएको सहमति स्वतः रद्द हुनेछ ।

**५. अनुगमन तथा निरीक्षण :** प्राधिकरणले दूरसञ्चारका अन्य अतिरिक्त सेवाहरु संचालन गर्ने सेवा प्रदायकहरुले यस कार्यविधि तथा प्राधिकरणले तोके बमोजिमका शर्तहरु पालना गरे/नगरेको सम्बन्धमा आवश्यकता अनुसार समय समयमा अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

**६. खारेजी सम्बन्धी व्यवस्था :**

१. यस कार्यविधि तथा प्राधिकरणले तोके बमोजिमका शर्तहरु पालना नगरेमा प्राधिकरणले प्रदान गरेको सहमति खारेज गर्न सक्नेछ ।

२. खारेज गर्नुपूर्व सेवा संचालन तथा शर्त अनुरुपको कार्य गर्न सुधारको मौका प्रदान गरिनेछ ।

३. उपदफा (२) वमोजिम सुधारको मौका प्रदान गर्दा समेत सुधार नगरेमा सेवा संचालनको सहमति खारेज गर्न सक्नेछ तर खारेज गर्नुपूर्व सफाई पेश गर्ने मौका दिइनेछ ।

**७. कार्यविधिको कार्यान्वयन एवं व्याख्या गर्न सक्ने :**

यस कार्यविधिको कार्यान्वयन एवं व्याख्यामा समस्या वा द्विविधा उत्पन्न भएमा प्राधिकरणको निर्णय अन्तिम हुनेछ ।